# शहरी विकास तथा भवन निर्माण विभाग

**बबरमहल, काठमाडौं**

## सिलवन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना

**प्रकाशीत मिति : २०६८/०७/१७**

यस विभागको चालू आ.व.को कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक परामर्शदाताहरुबाट रीतपूर्वकको छुट्टाछुट्टै सिलवन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र अद्यावधिक नविकरण गरेको फर्म दर्ताको इजाजत पत्र, मू.अ.करमा दर्ता भएको प्रमाणपत्र, स्थायी लेखा नम्वरको प्रमाणपत्र र आ.ब.०६७/६८ को कर चुक्ता प्रमाणपत्र वा २०६६/०६७ सम्मको कर चुक्ता प्रमाणपत्र र ०६७/६८ को लागि कर चुक्ता गर्न म्याद थपको पत्रको प्रतिलिपि पेश गरी यस विभागको खरिद इकाईबाट र भवन निर्माण संभार डिभिजन कार्यालय, अनामनगरबाट फिर्ता नहुने गरी रु ३००/- (तिनसय मात्र) बुझाई आव्हान पत्र प्राप्त गर्न सकिने छ ।

२. विभागबाट प्राप्त प्रस्ताव आव्हान पत्र प्रथम पटक प्रकाशित मितिले ३१ औं दिनको १२ बजे सम्म प्राविधिक तथा आर्थिक प्रस्तावपत्र बेग्लाबेग्लै सिलवन्दी खाममा राखी यस विभागको खरिद इकाईमा दर्ता गराउन सकिनेछ । यसरी दर्ता हुन आएका प्राविधिक प्रस्तावहरु सोही दिनको १४:०० बजे प्रस्तावकको प्रतिनिधिहरु तथा विभाग प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

३. प्रस्ताव आव्हानपत्र उपलब्ध गराइने अन्तिम दिन र दर्ता गर्ने दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट मानिनेछ ।

४. प्राविधिक प्रस्तावहरुको मूल्याङ्कनको आधारमा छनौट भएका परामर्शदाताहरुको आर्थिक प्रस्तावहरु मात्र परामर्शदाता वा निजको प्रतिनिधि तथा विभागका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ ।

५. परामर्शदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि प्रस्तावहरु खोल्न बाधा पर्ने छैन ।

६. प्राविधिक प्रस्तावमा अध्ययन टोलीमा संलग्न हुने सबै जनशक्ति सहितको व्यक्तिगत विवरण (Curriculum Vitae) र परामर्शदाताबाट दस्तखत गरी प्रमाणित भई समावेश गर्नुपर्नेछ ।

७. रित नपुगेको वा म्याद भित्र दर्ता नभएको तथा कुनै प्रकारको शर्त भएका प्रस्तावहरु उपर कुनै कारवाही गरिनेछैन ।

८. आर्थिक प्रस्तावहरुमा दररेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

९. यो सूचनामा उल्लेख नभएको कुराको हकमा RFP Document, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजानिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

१०. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित हुनेछ ।

११. अन्य केही कुरा बुझ्नु परेमा यस विभागको साना शहर शाखाबाट बुझ्न सकिनेछ ।

| सि. नं. | कामको विवरण | विभागबाट उपलब्ध गराइदिने कागजात |
|---|---|---|
| १ | सिन्धुली जिल्लाको खुर्कोट बजारमा खानेपानि तथा सरसफाई योजनाको सम्भाव्यता अध्ययन गरी सम्भाब्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |
| २ | तनहुँ जिल्लाको डुम्रे भन्सार बजारमा सडक, ढल तथा स्यानिटरी ल्याण्डफिल साईटका सम्भाव्यता अध्ययन गरी मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |
| ३ | रुकुम जिल्लाको चौरजहारी बजारमा सडक, ढल तथा स्यानिटरी ल्याण्डफिल साईटका सम्भाव्यता अध्ययन गरी मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |
| ४ | तेह्रथुम जिल्लाको बसन्तपुर बजारमा सडक, ढल तथा स्यानिटरी ल्याण्डफिल साईटका सम्भाव्यता अध्ययन गरी मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |
| ५ | बैतडी जिल्लाको पाटन बजारमा सडक तथा ढल योजनाको सम्भाव्यता अध्ययन गरी मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |
| ६ | दैलेख जिल्लाको राकम कर्णाली बजारमा खानेपानि तथा सरसफाई योजनाको सम्भाव्यता अध्ययन गरी मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |
| ७ | अछाम जिल्लाको साँफेबगर बजारमा सडक तथा ढल योजनाको सम्भाव्यता अध्ययन गरी मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । मुख्य योजनाको डि.पि.आर. तयार गर्ने । | RFP Document |

गोरखा पत्र